पोखरा रोयल सहकारी संस्था लि. को बुलेटिन

# सहकारी समाचार

❑ २०७३ ❑ ❑ वर्ष ११ ❑ अंक १ ❑

# पोखरा रोयल उत्कृष्ट करदाता

पोखरा रोयल सहकारी संस्था लिमिटेड आर्थिक वर्ष २०७१/०७२ को उत्कृष्ट करदाता घोषित भएको छ। आन्तरिक राजस्व कार्यालय पोखराले चौथो कर दिवस २०७२ को अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको समापन समारोहमा सहकारीलाई यस वर्षको उत्कृष्ट करदाता सम्मान प्रदान गरेको हो ।

गण्डकी धौलागिरीका करिब १ लाख २६ हजार करदाता मध्ये सम्पूर्ण कर कानुनको पालना गरेको, समयमा कर दाखिला गरेको, कर छली तथा नक्कली विजकमा नपरेको, बेरुजु र बक्यौता नरहेको र बढी कर दाखिला गरेको जस्ता आधारमा संस्थालाई उत्कृष्ट करदाताको सम्मान प्रदान गरेको संस्थाका प्रवन्ध निर्देशक भीमबहादुर गुरुङले बताउनुभयो ।

यस आर्थिक वर्षमा संस्थाले आयकर र अन्य कर समेत गरी १ करोड बढी कर दाखिला गरेको सहकारी संस्थाहरु करमा प्रवेश भएपश्चात नियमित रुपमा कर कानुनको पालना गर्दै आएको संस्थाका प्रवन्धक मीलन ढकालले जानकारी गराउनुभयो । सम्मानले सम्पूर्ण सहकारी क्षेत्रको शीर उँचो भएको र सबै सहकारीलाई कर तिरे सम्मान पाइने रहेछ भन्ने सन्देश पुगेको संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङले बताउनुभयो ।

१० जिल्लाका करदातामध्येबाट छनोट गरी उत्कृष्ट ३ करदातालाई सम्मान गरिएको हो। पोखरा रोयल सहकारी संस्थासँगै होटल पोखराग्राण्ड र चरक मेमोरियल अस्पताल पनि वर्षको उत्कृष्ट करदाताबाट सम्मानित भए। कार्यक्रममा तत्कालीन पश्चिमाञ्चल क्षेत्रीय प्रशासक केदारबहादुर अधिकारी र कास्कीका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर राउतले उत्कृष्ट करदातालाई सम्मानित गर्नुभयो । सहकारीका प्रवन्ध निर्देशक भीम गुरुङ, पोखरा ग्राण्डका कम्पनी सचिव चिरञ्जिवी आचार्य र चरक मेमोरियलका सञ्चालक डा. बद्री पौडेलले सम्मान ग्रहण गर्नुभएको थियो ।

२०५९ सालमा २८ जना शेयरसदस्यबाट शुरु भएको पोखरा रोयल सहकारी क्षेत्रमा अग्रणी स्थान बनाउन सफल छ। पोखराको महेन्द्रपुलबाट कारोबार शुरु गरेको सहकारी अहिले बुद्धचोकमा आफ्नै भवनमा सञ्चालित छ। कास्की, स्याङ्जा, तनहुँ र लमजुङ कार्यक्षेत्र रहेको सहकारीले महेन्द्रपुल र लेखनाथमा सेवा केन्द्रहरु सञ्चालनमा ल्याएको छ। बचत ऋण, रेमिट्यान्स, निःशुल्क प्रौढ कक्षा सञ्चालन, बुलेटिन प्रकाशन र व्यवसायिक तालिमहरु सञ्चालन गरिरहेको सहकारीले सामाजिक उत्तरदायित्वलाई पनि बहन गरिरहेको प्रवन्ध निर्देशक गुरुङले जानकारी दिनुभयो। उत्कृष्ट करदाता सम्मान पाएको सहकारीले यस अगाडि उत्कृष्ट सहकारी पुरस्कार, उत्कृष्ट प्रवन्ध निर्देशक पुरस्कार, उत्कृष्ट अध्यक्ष पुरस्कार, उत्कृष्ट प्रवन्धक, उत्कृष्ट कारोबार सम्मान, सहयोगी सम्मानबाट पुरस्कृत भइसकेको छ।



## हार्दिक कृतज्ञता

पोखराको अग्रणी सहकारी संस्था
**पोखरा रोयल सहकारी संस्था**
लि. २०७३ जेठ ८ गतेबाट १४ वर्ष पुरा गरी १५ वर्षमा प्रवेश गरेको यस सुखद अवसरमा हामीलाई यो उचाईसम्म ल्याउन महत्वपूर्ण योगदान पुऱ्याउनुहुने हाम्रा सेयर सदस्य, कर्मचारी परिवार, सुभेच्छुक संघसंस्थाहरु, नियामक निकायहरु लगायत सबैप्रति **हार्दिक कृतज्ञता** ज्ञापन गर्दछौं।



वित्तीय सहकारीमा अग्रणी स्थान ओगटन सफल
पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार
Pokhara Royal Co-Operative Society Limited
पोखरा-१०, बुद्धचोक, कास्की, फोन नं. ०६१५३८८३३

## सम्पादकीय

# अवलोकन भ्रमणको केन्द्र रोयल सहकारी

नेपालको आर्थिक, सामाजिक तथा साँस्कृतिक विकासमा सहकारीको भूमिका महत्वपूर्ण छ । नेपालको अर्थतन्त्रको महत्वपूर्ण अंग बन्न सफल सहकारीले कुल ग्राहस्थ उत्पादनमा साढे ३ प्रतिशत र वित्तीय क्षेत्रमा २० प्रतिशत भन्दा बढी योगदान पुऱ्याएको छ । सहकारी आन्दोलनले नेपालको आर्थिक क्षेत्रलाई चलायमान बनाएको छ । सानो-सानो पुँजीलाई एकीकृत गर्दै लगानीका सम्भावनाहरु पहिचान गर्न सहकारी अभियान सफल छ । सबै वर्ग, धर्म, क्षेत्र र सम्प्रदायका मानिस सहकारी अभियानमा समावेश छन् । पछाडि परेकादेखि सबै समुदायको बीचमा सहकारी पुगेको छ । नेपालमा ३२ हजार भन्दा बढी प्रारम्भिक सहकारी छन् भने ५१ लाख सेयर सदस्य छन् । सहकारीमा संलग्न मध्ये ४६ प्रतिशत भन्दा बढी महिला छन् । करिब ५८ हजार भन्दा बढी नेपालीले सहकारीमा रोजगारी पाएका छन् ।

नेपालमा रहेका ३२ हजार सहकारी मध्ये केही सहकारीहरु निकै उदाहरणीय छन् । नीति तथा नियम भित्र रहेर सञ्चालित सहकारी मध्ये नमुना सहकारीको पहिचान बनाउन सफल एउटा दरिलो उदाहरण बनेको छ पोखरा रोयल सहकारी संस्था । गत वर्ष पश्चिमाञ्चल क्षेत्रमा उत्कृष्ट करदाता सम्मानबाट पुरस्कृत रोयलले हालसम्म दर्जनौं पुरस्कारहरु प्राप्त गरिसकेको छ ।

रोयल नेपालकै उत्कृष्ट सहकारी बनेको एउटा दरिलो प्रमाण हो यहाँ अध्ययन तथा अवलोकनका लागि देशभरबाट आउने सहकारी संस्थाहरुको भिड । पछिल्लो वर्ष मात्र देश भरका करिब एक सय सहकारी संघसंस्थाहरुले रोयल सहकारीको अध्ययन तथा अवलोकन गरेका छन् । पश्चिम क्षेत्रको सहकारी भ्रमणका लागि आउने देशभरका सम्पूर्ण सहकारी संस्थाहरुको पहिलो रोजाई पोखरा रोयल बन्न सफल छ । रोयल सहकारीको अध्ययन अवलोकनका लागि देशभरबाट सहकारी कर्मीहरु यहाँ आउने भएकाले पर्यटकीय नगरी पोखराको पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण योगदान पुगेको मान्न सकिन्छ । नेपालका मात्र होइन भारत लगायत अन्य देशका सहकारीकर्मीहरु समेत रोयल सहकारीको अध्ययन तथा अवलोकनका लागि आएका थुप्रै उदाहरण छन् । सामाजिक उत्तरदायित्वलाई कुशलतापूर्वक बहन गरिरहेको पोखरा रोयल सहकारीले आफ्नो कारोबारबाट सम्पूर्ण सेयर सदस्यको मन जित्न सफल भएको छ ।

# प्रवन्धक ढकाल उत्कृष्ट व्यवस्थापक



५९औं राष्ट्रिय सहकारी दिवस २०७२ को उपलक्ष्यमा पोखरा रोयल सहकारी संस्था लिमिटेडका प्रवन्धक मीलन ढकाललाई सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीले उत्कृष्ट सहकारी व्यवस्थापकको पुरस्कारबाट सम्मान गरेको छ ।

सहकारी संस्थामा लामो समय सम्लग्न भई आफ्नो संस्थाको सफल व्यवस्थापन एवं कास्की जिल्लाको सहकारी क्षेत्रको विकासमा उल्लेखनीय योगदान पुऱ्याए बापत उक्त सम्मान प्रदान गरिएको हो । ढकाल वि.सं. २०५५ सालबाट रोयल सहकारीको क्षेत्रीय कार्यालय हुँदै २०५९ मा स्वायत्त भएको पोखरा रोयल सहकारीमा १८ वर्ष सेवा गरिसक्नुभएको छ । वरिष्ठ सहायक पदमा सेवा प्रवेश गरेका ढकाल संस्थाको विभिन्न पदको अनुभव हासिल गर्दै हाल प्रवन्धक पदमा कार्यरत हुनुहुन्छ ।

# सहकारी दुधको माग बढ्दो

जिल्ला सहकारी संघ लिमिटेड कास्की र सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संघ लिमिटेड कास्कीले सञ्चालन गरेको दुग्ध उद्योगको बजार बढ्दै गएको छ ।

सहकारीले बिक्री गर्ने दुधको गुणस्तर बढी हुने र धेरै व्यक्तिहरु सहकारीमा आवद्ध भएका कारण सदस्य पनि उपभोक्ता पनि सहकारीकर्मी नै हुने भएकाले सहकारी दुधको माग बढ्दै गएको जिल्ला सहकारी संघका वरिष्ठ प्रवन्धक भोजराज घिमिरेले बताउनुभयो । हाल संघले विभिन्न दुग्ध सहकारी संस्थाहरुले संकलन गरी पठाएको दुधलाई प्रशोधन र प्याकेजिङ गरी पोखराको बजारमा बिक्री वितरण गर्दै आएको छ । सहकारी दुधको ब्राण्डबाट परिचित दुध तथा दुग्धजन्य पदार्थको गुणस्तर राम्रो र किसान तथा बिक्रेताहरुले थप बोनस समेत पाउने भएको कारण समेत किसानहरु आकर्षित हुँदै आएका छन् । उपभोक्ताहरु समेत सहकारी दुधप्रति आकर्षित भएको प्रवन्धक घिमिरेको भनाइ छ । हाल संघमार्फत दैनिक २ हजार ५ सय लिटर दुध बिक्री वितरण हुँदै आएको छ ।

# सरसफाईमा सहकारी






हाम्रो पोखरा राम्रो पोखरा भन्ने मूल नाराका साथ ५९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा पोखरामा रहेको सहकारी संघसंस्थाहरुले आ-आफ्नो कार्यालय वरिपरिका सडक तथा मठ मन्दिर र ताल तलैया सफा गरेका छन् । सहकारीको सातौं सिद्धान्त अर्न्तगत समुदायप्रति चासो भन्ने विषयलाई ब्यवहारमा उतार्नका लागि सहकारीहरुले समुदाय केन्द्रित कार्यक्रम गरेको कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष तथा ५९औं राष्ट्रिय सहकारी दिवस मूल समारोह समितिका प्रचार संयोजक भीम गुरुङले बताउनुभयो ।

यसैबीच पोखरा रोयल सहकारी संस्था लि. र द गोर्खाज बचत तथा ऋण सहकारी संस्था लि.को संयुक्त आयोजनामा पोखरा १० अमरसिंह चोकदेखि बुद्धचोकसम्मको दुईतर्फी सडक वरपर सरसफाई अभियान सम्पन्न भएको छ । सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयका अधिकृत बालकृष्ण सुवेदीले पोखरा रोयल सहकारी संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङलाई सरसफाईको सामान हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गर्नुभएको थियो । कार्यक्रममा दुवै संस्थाका सञ्चालक, लेखा समिति, कर्मचारी र सदस्यहरुको सहभागिता रहेको थियो ।

# अधिकृत आचार्य भारत भ्रमणमा




पोखरा रोयल सहकारी संस्थाले आफ्ना सञ्चालक, शेयर सदस्य तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि तथा पुनर्ताजगी गराउने क्रममा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम एवं सेमिनारमा सहभागी गराउदै आएको छ।

यसै अवसरमा राष्ट्रिय सहकारी संघ लि.को समन्वय तथा भारत उत्तर प्रदेश स्थित मोतिलाल नेहरु फार्मर्स ट्रेनिङ इन्स्टिच्युट, फुलपुर इलाहवादको आयोजनामा आधुनिक कृषि विषयक कार्यशाला मिति २०७२/११/१७ देखि २२ सम्म सञ्चालन भएको थियो । सहकारीका सञ्चालक, सदस्य एवं कर्मचारीहरुको कृषि लगायत व्यावसायिक दक्षता विकासगरी सहकारी अभियान सुदृढीकरण गर्ने र भारतका सफल सहकारी अभियानको अध्ययन गरी नेपालको सहकारी आन्दोलनको प्रवर्द्धन र विकास गर्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो ।

तालिमको नेतृत्व राष्ट्रिय सहकारी संघ लि.का सञ्चालक बद्री लम्सालले गर्नुभएको थियो । आधुनिक कृषिको बारेमा ११ जना कृषि बिज्ञहरुले आफ्नो कार्यपत्र प्रस्तुत गरेको तालिममा नेपालका ४४ जना सहकारी प्रतिनिधिले कार्यक्रममा सहभागिता जनाएका थिए ।

उक्त भ्रमणमा पोखरा रोयल सहकारीको तर्फबाट अधिकृत उमानाथ आचार्य सहभागी हुनुभएको थियो ।

# सदस्यहरू सहकारी भ्रमणमा



पोखरा रोयल सहकारी संस्थाले आफ्नो वार्षिक कार्यक्रम बमोजिम संस्थाका सदस्यहरुलाई सफल सहकारीको अवलोकन भ्रमण गराएको छ । संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङको नेतृत्व तथा प्रवन्ध निर्देशक भीमबहादुर गुरुङको संयोजकत्वमा सम्पन्न उक्त अवलोकन भ्रमणमा संस्थाका २६ जना सदस्य सहभागी थिए ।

टोलीले पनौती काभ्रेका सामुदायिक बचत तथा ऋण सहकारी, नवलपरासीका किसान बचत तथा ऋण सहकारीले गरेका गतिविधीको अवलोकन गरेको थियो । भ्रमण पश्चात समीक्षा बैठकमा संस्थाका अध्यक्ष मेजर तुलसीप्रसाद गुरुङले अन्तर्राष्ट्रियस्तरको प्रमाणपत्र प्राप्त संस्थाहरुको अवलोकन भ्रमणबाट संस्थागत सुशासन र नीतिगत सुधारको विषयमा ज्ञान हासिल भएको बताउनुभयो । कार्यक्रममा सञ्चालक, कर्मचारी र शेयर सदस्यहरुको सहभागिता रहेको थियो भने भ्रमण अवधिमा विभिन्न धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरुको समेत अवलोकन गरिएको थियो।

# पोखरामा नेफ्स्कूनको फिल्ड कार्यालय

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)ले पोखरामा फिल्ड कार्यालय सञ्चालनमा ल्याएको छ । पोखराको सिर्जनाचोकमा सञ्चालनमा आएको कार्यालयको संघका अध्यक्ष ऋषिराज घिमिरेले एक कार्यक्रमका बीच उद्घाटन गर्नुभयो ।

कार्यालयको शुभारम्भसँगै सदस्यता वितरण र कारोबार पनि प्रारम्भ भएको छ । कास्की, स्याङ्जा, बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङ जिल्लाका बचत तथा ऋण सहकारी संस्थालाई कार्यालयले वित्तीय कारोबार, तालिम र सहकारी सम्बन्धी अन्य गतिविधिहरुमा सहयोग पुऱ्याउनेछ ।

यसैबीच संघको आयोजनामासहकारीकर्मीहरुकोउपस्थितिमा अन्तरक्रिया तथा छलफल कार्यक्रम भयो । उक्त अवसरमा बोल्दै संघका अध्यक्ष घिमिरेले नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रले महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । अभिभावकत्व प्राप्ती र संस्थागत संरक्षाका लागि बचत तथा ऋणको कारोबार गरिरहेका सहकारीहरु नेफ्स्कूनमा आवद्ध हुनुपर्ने उहाँले बताउनुभयो ।

जनताको बचतको संरक्षणमा संघले चासो दिने संघका सञ्चालक दामोदर अधिकारीलेभनाइराख्नुभयो।उहाँलेभन्नुभयो, 'सबै सेयर सदस्यको सहकारीमा समान पहुँच हुनआवश्यक छ।' सहकारीको व्यवस्थापनमा एकरुपता ल्याउन र वित्तीय जोखिम कम गर्न सहकारीहरुलाई नेफ्स्कुनमा आवद्ध हुन उहाँले सुझाव छ । फिल्ड व्यवस्थापन समितिका संयोजक ईन्द्रराज ज्योती पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा संघका कोषाध्यक्ष नानीबावु बुढाथुकी, लेखा समिति संयोजक दीपक थापा, राष्ट्रिय सहकारी संघका सञ्चालक प्रभा कोइराला, सहकारी डिभिजन तथा प्रशिक्षण कार्यालय पोखराका प्रमुख वद्रीनाथ अधिकारी, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष रविरमण तिवारी, कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष भीम गुरुङ लगायतले बोल्नुभएको थियो ।

पोखरामा संघको फिल्ड कार्यालय सञ्चालनमा आएपछि यस क्षेत्रका सहकारीहरुलाई संघसँग प्रत्यक्ष कारोबार गर्न सजिलो हुने व्यवस्थापन उपसमितिका सदस्य तथा कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष भीम गुरुङले बताउनुभयो । संघको फिल्ड कार्यालय सञ्चालनमा आएकै घरमा कास्की बचत तथा ऋण सहकारी संघको समेत कार्यालय छ । नेफ्स्कूनले केन्द्रीय कार्यालयबाहेक देशका विभिन्न स्थानमा १३ वटा फिल्ड कार्यालय सञ्चालनमा आएको छ । ७३ जिल्लामा कारोबार गरेको संघले करिब २ हजार २ सय सहकारी संघसंस्थालाई समेटेको छ ।

नेफ्स्कूनले हालैमात्र काठमाडौंको नयाँ बानेश्वरमा जग्गा खरिद गरी आफ्नै भवन बनाउने तयारी गरेको छ । संघमार्फत हाल २ अर्ब रुपैयाँ भन्दा बढी कारोबार भइरहेको छ ।

यसैबीच, पोखरा फिल्ड कार्यालय उद्घाटनका दिन बुधबार मात्र संघमा २७ वटा नयाँ संस्था आवद्ध भएका छन् । ११ करोड ४० लाख रुपैयाँ बचत संकलन भएको फिल्ड कार्यालयका सञ्चालक उपसमिति सदस्य नारायणप्रसाद आचार्यले जानकारी दिनुभयो ।

# पर्ल्स अनुगमन तालिम सम्पन्न

जिल्ला सहकारी संघ लि.कास्की र कास्की बचत तथा ऋण सहकारी संघ लि.को संयुक्त आयोजनामा पोखरामा ३ दिने पर्ल्स अनुगमन तालिम सम्पन्न भएको छ ।




२०७२ पौष ९ देखि ११ गते सम्म भएको तालिममा सहकारी विज्ञ चन्द्रबहादुर ठकुरीले सहजीकरण गर्नुभएको थियो । बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका व्यवस्थापक, लेखापाल तथा सञ्चालकहरु गरी २९ जनाको सहभागिता रहेको कार्यक्रमको उद्घाटन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयका प्राचार्य बद्रीनाथ अधिकारीले गरेको थियो । तालिम पश्चात सहभागीहरुले कम्तिमा पर्ल्सको १७ सूचक गणना गर्न सक्ने भएको, जोखिम पहिचान र पारविन्दु गणना गर्न सक्ने र पर्ल्स वासलात तयार गर्न सक्ने भएको कास्की बचत तथा ऋण सहकारी संघका अध्यक्ष भीमबहादुर गुरुङले बताउनुभयो ।

तालिम कार्यक्रमको अध्यक्षता जिल्ला सहकारी संघको अध्यक्ष रविरमण तिवारी र स्वागत कास्की बचत तथा ऋण सहकारी संघ लि.का उपाध्यक्ष सुदिप ढकालले गर्नुभएको थियो ।

# राष्ट्रिय सहकारी संघको गोष्ठी सम्पन्न

**करिब ३ सय ५० जना सहभागिहरु रहेको गोष्ठीमा सहकारी तथा विभिन्न क्षेत्रका विज्ञहरुबाट सहकारी संघहरुलाई व्यवसाय केन्द्रित र सुदृढिकरण गराउने बारेको विभिन्न कार्यपत्रहरु प्रस्तुत गरेको थियो ।**

नेपालको सहकारी अभियानको छाता संगठन राष्ट्रिय सहकारी संघ लि.को आयोजनामा यहि २०७३ बैशाख २२ र २३ गते सहकारी संघ संस्था सुदृढिकरण तथा व्यवसाय प्रवर्द्धन राष्ट्रिय कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

संघका अध्यक्ष केशव बडालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि उपप्रधान तथा सहकारी तथा गरिबी निवारण मन्त्री चित्रबहादुर केसीले सहकारीमा देखिएको हालको विकृति विसंगति समाधान गर्न सहकारी ऐनमा संसोधन गर्न लागिएको बताउनुभयो। संघसंग आवद्ध मुलुकभरका ३२१ जिल्ला स्तरीय सहकारी संघ/विषयगत जिल्ला संघ, २० वटा विषयगत केन्द्रीय संघका अध्यक्षहरु र राष्ट्रिय सहकारी बैंक लि.का अध्यक्षहरु सरोकारवाला निकायका प्रतिनिधीहरु सहित करिब ३ सय ५० जना सहभागिहरु रहेको गोष्ठीमा सहकारी तथा विभिन्न क्षेत्रका विज्ञहरुबाट सहकारी संघहरुलाई व्यवसाय केन्द्रित र सुदृढिकरण गराउने बारेको विभिन्न कार्यपत्रहरु प्रस्तुत गरिएको थियो।

गोष्ठीमा कास्की जिल्लाबाट जिल्ला सहकारी संघ लि.का अध्यक्ष रविरमण तिवारी, कास्की बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष भीमबहादुर गुरुङ, सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संघ लि.का अध्यक्ष पुन्यप्रसाद पौडेल, जिल्ला कृषि सहकारी संघ लि.कास्कीका अध्यक्ष शिवजी कोइराला र जिल्ला उपभोक्ता सहकारी संघ लि.कास्कीका अध्यक्ष कृष्णप्रसाद बरालको सहभागिता रहेको थियो । गोष्ठीको अन्त्यमा प्रस्तावित ७ वटा प्रदेश स्तरीय समूह मार्फत छलफल गरी संयोजकहरुबाट सुझाब तथा निचोड प्रस्तुत गरिएको थियो। यहि क्रममा ४ नं.प्रदेश समूहको तर्फबाट कास्की बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष तथा समूह संयोजक भीम गुरुङले सहकारीका समस्या तथा समाधानका उपायहरु प्रस्तुत गर्नुभएको थियो।

## स.प्र.डि.का.को सहकारी भ्रमण

सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीको आयोजना तथा जिल्ला सहकारी संघ लि.कास्कीको समन्वयमा कास्की जिल्लाका सहकारी संघ संस्थाहरुको प्रतिनिधीहरुको ३ दिवसीय सहकारी अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ।

डिभिजन सहकारी कार्यालयले हरेक वर्ष सहकारी संघहरुसँगको सहकार्यमा देशका विभिन्न स्थानको सफल सहकारी संघ संस्थाले गरेका गतिविधीको अवलोकन तथा अनुभव आदान प्रदान गर्दै आएको सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीका प्राचार्य बद्रीनाथ अधिकारीले बताउनुभयो। यस वर्ष बागलुङ जिल्लामा क्रियाशील निलगिरी सहकारी अस्पताल, जिल्ला दुग्ध सहकारी संघ लि.बाग्लुङ र सिबाइसी बचत तथा ऋण सहकारीले गरेका गतिविधीको अवलोकन गरिएको थियो।

भ्रमणमा सहकरी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की, जिल्ला सहकारी संघ लि.कास्की, कास्की बचत तथा ऋण सहकारी संघ लि., जिल्ला उपभोक्ता सहकारी संघ लि.कास्की, सप्तगण्डकी दुग्ध उत्पादक सहकारी संघ लि.कास्की, जिल्ला कफि उत्पादक सहकारी संघ लि.कास्की संग आवद्ध सहकारीकर्मीहरुको सहभागिता रहेको भ्रमण टोलीका सदस्य तथा कास्की बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष भीम गुरुङले बताउनुभयो।

## जिल्ला बचत संघको ३ पि प्लस तालिम

कास्की बचत तथा ऋण सहकारी संघले आफ्ना सदस्य संस्थाहरुका संस्थागत विकास, व्यवस्थापकीय सीप र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा लागि परेको छ। संघले यस वर्षको कार्यक्रम बमोजिम सदस्य संस्थाका सञ्चालक तथा व्यवस्थापकहरुलाई १ दिने ३ पि प्लस अभिमुखीकरण तालिम सम्पन्न गरेको छ।

संघका अध्यक्ष भीमबहादुर गुरुङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथीको रुपमा आमन्त्रण गरिएको नेफस्कुनका निवर्तमान अध्यक्ष एवं राष्ट्रिय सहकारी संघ लि.का वरिष्ठ उपाध्यक्ष मीनराज कँडेलले सहकारी संस्थाहरुले वदलिदो परिस्थिति अनुसार नयाँ प्रविधी र सीपको प्रयोग गर्दै संस्थालाई अर्न्तराष्ट्रिय स्तरको रुपमा विकास गराउनुपर्ने बताउनुभयो। कार्यक्रमका सहजकर्ता एवं नेफस्कुनका महासचिव परितोष पौड्याललले सहकारीलाई समृद्धितिर लानको लागि नियमित रुपमा पर्ल्स, पोलिसी र प्लान भित्रको अन्तर वस्तुलाई आत्मसात गर्दै जानुपर्ने बताउनुभयो।

संघमा आवद्ध १४० जना सहभागीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा राष्ट्रिय सहकारी संघ लि.का सञ्चालक प्रभा कोइराला, जिल्ला सहकारी संघ लि.कास्कीका अध्यक्ष रविरमण तिवारी लगायतको उपस्थिति रहेको थियो । यस अवसरमा अध्यक्ष गुरुङले कास्की बचत संघलाई नियमित रुपमा तालिम, गोष्ठी र भ्रमणको माध्यमबाट उत्कृष्ट संघको रुपमा विकास गराउने योजना रहेको बताउनुभयो।

# हार्दिक बधाई

यस पोखरा रोयल सहकारी संस्था लिमिटेडका प्रवन्धक **मीलन ढकाल** ज्यू ५९औं राष्ट्रिय सहकारी दिवस २०७२ को उपलक्ष्यमा सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीबाट सहकारी क्षेत्रमा लामो समय संलग्न भई आफ्नो संस्थाको व्यवस्थापन एवं कास्की जिल्लाको सहकारी क्षेत्रको विकासमा उल्लेनीय योगदान पुऱ्याएकाले **उत्कृष्ट प्रवन्धक**को रुपमा सम्मानित भई संस्थाको गरिमा बढाउन सफल हुनु भएकाले उहाँलाई **हार्दिक बधाई तथा शुभकामना** व्यक्त गर्दछौं ।



**मीलन ढकाल**
**प्रवन्धक**

वित्तीय सहकारीमा अग्रणी स्थान ओगट्न सफल

**पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार**

**Pokhara Royal Co-Operative Society Limited**

पोखरा–१०, बुद्धचोक, कास्की, फोन नं. ०६१५३८८३३

## वर्षको उत्कृष्ट कर्मचारीहरु :

| वर्ष | कर्मचारीको नामावली | पद |
|---|---|---|
| २०६२ | श्रीधर आचार्य | सुपरिवेक्षक |
| २०६३ | झलकप्रसाद तिवारी | सहायक |
| २०६४ | उमनाथ आचार्य | अधिकृत |
| २०६५ | ङ प्रसाद ढकाल | वरिष्ठ सहायक |
| २०६६ | डिल्लीराम ढकाल | सुपरिवेक्षक |
| २०६७ | मीलन ढकाल | प्रवन्धक |
| २०६८ | सरिता बराल | वरिष्ठ सहायक |
| २०६९ | परमेश्वर दाहाल | वरिष्ठ अधिकृत |
| २०७० | डिलकुमारी गुरुङ | लेखापाल |
| २०७१ | देवी गुरुङ | सुपरिवेक्षक |

## सहकारी पुरस्कार प्राप्त गर्नेहरु :

| पुरस्कारको नाम | वर्ष | पुरस्कार पाउने व्यक्तित्वहरु |
|---|---|---|
| राष्ट्रिय सहकारी पुरस्कार ११,१११ | २०६७ | दिपकप्रकास बाँस्कोटा |
| | २०६८ | चन्द्रबहादुर ठकुरी |
| | २०६९ | केशव बडाल |
| | २०७० | मीनराज कंडेल |
| | २०७१ | के.बी. उप्रेती |
| क्षेत्रीय पत्रकारिता पुरस्कार रु.५,५५५ र सम्मानपत्र | २०६७ | सूर्यचन्द्र बस्नेत |
| | २०६८ | नारायण कार्की |
| | २०६९ | घनश्याम पाण्डे |
| | २०७० | कृष्णप्रसाद बाँस्तोला |
| | २०७१ | सुरेन्द्र पौडेल |
| प्रतिभा पुरस्कार रु.५,५५५ र सम्मानपत्र | २०६७ | सीता भट्टराई |
| | २०६८ | अस्मिता कुंवर |
| | २०६९ | शैलेश श्रेष्ठ |
| | २०७१ | शुलभ अधिकारी |

# सहकारी पुरस्कार वितरण

पोखरा रोयल सहकारीले स्थापना गरेको सदस्य राहत कोष एवं सहकारी पुरस्कार कोषबाट विभिन्न क्षेत्रका व्यक्तित्वहरु सम्मानित एवं पुरस्कृत भएका छन् ।

संस्थाको १४औं वार्षिक साधारण सभाको अवसरमा उक्त पुरस्कार एवं सम्मान वितरण गरिएको हो । कार्यक्रम अनुसार राष्ट्रिय सहकारी पुरस्कारबाट राष्ट्रिय सहकारी बैक लि.का प्रवन्ध सञ्चालक के.बी.उप्रेतीलाई नगद रु.११ हजार १११ र सम्मानपत्र, क्षेत्रीय पत्रकारिता पुरस्कारबाट आर्थिक अभियान राष्ट्रिय दैनिकका पोखरासम्वाददाता तथा आर्थिक आवाज साप्ताहिकका कार्यकारी निर्देशक सुरेन्द्र पौडेललाई नगद रु.५ हजार ५५५ र सम्मान पत्र र रोयल सहकारी प्रतिभा पुरस्कारबाट शेयर सदस्य अन्जु अधिकारीका सुपुत्र शुभम अधिकारीलाई नगद रु.५ हजार ५५५ र सम्मान पत्रबाट सम्मान गरिएको थियो ।

त्यसरी नै ७५ वर्ष उमेर पुगका सदस्यहरुलाई वार्षिक रुपमा पेन्सन प्रदान गर्ने कार्यक्रम बमोजिम २ सदस्यहरु रामबहादुर कार्की, लक्ष्मण कार्की, क्या.टिकप्रसाद गुरुङ, भेषराज ढकाल, चन्द्रबहादुर गुरुङ, विलबहादुर गुरुङ र धनकुमारी कार्कीलाई जनही २ हजार ५०० को दरमा पेन्सन प्रदान गरिएको थियो । यस अवधि सम्म उक्त कोषबाट सदस्य मृत्यू राहतबाट स्व.लक्ष्मण कार्कीको परिवारलाई रु.२० हजार, परिवार मृत्यू राहतबाट सदस्य लक्ष्मी दाहाललाई रु.५ हजार र नवजात शिशु स्याहर बापत सदस्य डिल्लीराम ढकालाई रु.२ हजार सहयोग प्रदान गरिएको थियो ।

# सहकारी ऐनबारे अन्तरक्रिया

५९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा मूल समारोह समितिको आयोजनामा एक दिने अन्तरकृया कार्यक्रम सम्पन्न भयो । संसोधनको क्रममा संसदमा पेश भएको सहकारी ऐन र सहकारी अभियान विषयक अन्तरकृया कार्याक्रममा कास्कीका सहकारी संघ संस्थाका प्रतिनिधीहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

मूल समारोह समितिका अध्यक्ष एवं जिल्ला सहकारी संघ लि.कास्कीका अध्यक्ष रविरमण तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यक्रम संयोजक एवं कृषि सहकारी संघ लि. कास्कीका अध्यक्ष शिवजी कोइरालाले विषय प्रस्तुति र कास्की बचत तथा ऋण सहकारी संघ लि.का अध्यक्ष भीम गुरुङले छलफलका क्रममा आएको सुझावहरुको संक्षेपीकरण गरी ऐनमा भएका सकारात्मक र नकारात्क पक्षका बारेमा विश्लेषण गरेका थिए । सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालयका प्राचार्य एवं प्रमुख अतिथि बद्रीनाथ अधिकारीले अब बन्ने सहकारी ऐन सहकारी मैत्री बन्नुपर्ने सुझाब राख्दै सहभागीहरुबाट आएका राय सुझाबलाई सम्वन्धित निकायमा पेश गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रमका अध्यक्ष रविरमण तिवारीले प्रस्तावित सहकारी ऐन सहकारी संघहरुको सुझाब लिएर मात्र संसोधन गर्न सुझाब दिनुभयो ।


# हार्दिक आभार

**चौथो राष्ट्रिय कर दिवस २०७२** को उपलक्ष्यमा यस **पोखरा रोयल सहकारी संस्था लिमिटेड**लाई उत्कृट करदाताको रुपमा सम्मान गर्नु भएकोले नेपाल सरकार अर्थमन्त्रालय आन्तरिकराजश्वविभागआन्तरिकराजश्व कार्यालय पोखरा प्रति **हार्दिक आभार** प्रकट गर्दछौं ।

**५९औं राष्ट्रिय सहकारी दिवस २०७२** को उपलक्ष्यमा यस संस्थाका प्रवन्धक मीलन ढकाललाई कास्की जिल्लाको उत्कृष्ट प्रवन्धकको रुपमा सम्मान गर्नु भएकोले नेपाल सरकार सहकारी तथा गरीबी निवारण मन्त्रालय सहकारी विभाग सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्की पोखराप्रति **हार्दिक आभार** प्रकट गर्दछौं ।

वित्तीय सहकारीमा अग्रणी स्थान औगटन सफल

**पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार**

**Pokhara Royal Co-Operative Society Limited**

पोखरा–१०, बुद्धचोक, कास्की, फोन नं. ०६१५३८८३३


## पोखरा रोयल सहकारी संस्था लि.मा भ्रमण गरेको संस्थाको विवरण

चामे साकोस मनाङ
एकता साकोस बाग्लुङ
संजीवनी साकोस हेटौडा
शुभारम्भ साकोस दमक
मिलिजुली साकोस विराटनगर
चित्रवन साकोस चितवन
स्कोप साकोस ललितपुर
फूलबारी साकोस प्यूठान
सुनपकुवा साकोस मोरङ
सारा साकोस जनकपुर
मेहनती साकोस बुटवल
नागरिक साकोस हेटौडा
सिद्धिविनायक कृषि ललितपुर
कर्मणा साकोस ललितपुर
संगालो साकोस रुपन्देही
कोलिया साकोस रुपन्देही
निसान साकोस धरान
सिन्चाहिटी साकोस ललितपुर
चतरा साकोस सिन्धुपाल्चोक
लोहकिलथली साकोस भक्तपुर
मुक्तिनाथ साकोस म्याग्दी
दिदीवहिनी साकोस बेनपा
थालाछें साकोस भक्तपुर
जिल्ला सहकारी मकवानपुर
जय भगवती साकोस मोरङ.
विरेन्द्रनगर साकोस सुर्खेत
सहयात्रा साकोस पनौती
गंगामाला साकोस सुर्खेत
सहकारी समूह रुपन्देही
डिभिजन सहकारी रुपन्देही
डिभिजन सहकारी ललितपुर
डिभिजन सहकारी धादिङ.
बहुउद्देश्यीय संघ धादिङ
वचत  संघ धादिङ
डिभिजन सहकारी काठमाडौं
जिल्ला सहकारी संघ काठमाडौ
डिभिजन सहकारी चितवन
मोडल साकोस काभ्रे
डिभिजन सहकारी उदयपुर
डिभिजन सहकारी काभ्रे
जिल्ला सहकारी संघ काभ्रे
जिल्ला वचत संघ काभ्रे
जिल्ला कृषी सहकारी संघ काभ्रे
तरकारी तथा फलफुल संघ काभ्रे
सहकारी संघ सिन्धुपाल्चोक
कृषी सहकारी संघ सिन्धुपाल्चोक
बहुउद्देश्यीय संघसिन्धुपाल्चोक
जिल्ला बचत संघ सिन्धुपाल्चोक
कफी संघ सिन्धुपाल्चोक
जिल्ला संघ सिन्धुपाल्चोक
दुग्ध उत्पालक संघ सिन्धुपाल्चोक
शिवपुरी ग्रा.साना कि. चितवन
संगम साकोस धनगढी
अर्पण साकोस चितवन
मार्गदर्शन साकोस चितवन
पञ्चशील साकोस ललितपुर
वचत संघ तनहुँ
हाम्रो बहुउद्धेश्यिय झापा
जनसचेतन साकोस दोलखा
बुद्धोदय साकोस विराटनगर
जीवन सहारा साकोस लमजुङ
होस्टे हैसे साकोस काठमाडौ
एकीकृत साकोस पनौती काभ्रे
रामवन साकोस चितवन
नारायणी बहुउद्देश्यीय हेटौडा
खुदुनावारी साना किसान सं झापा
नारी सेवा साकोस भक्तपुर
जनता साकोस कन्चनपुर
लुम्विनी साकोस नवलपरासी
बासडोल साकोस काभ्रे
विकु साकोस गैडाकोट
दिपावली साकोस वुटवल
कालीगण्डकी साकोस लमजुङ
श्रीकृष्ण साकोस नुवाकोट
सृजनात्मक साकोस लमजुङ
घण्टीमाई साकोस बारा
साथीको साकोस भक्तपुर
दुरदर्शन साकोस काठमाडौं
सशक्त साकोस रुपन्देही
डिभीजन सहकारी बारा
कालिका साकोस स्याङजा
चन्द्रसूर्य साकोस ललितपुर
बागेश्वरी साकोस मकवानपुर
सिमरवाना साकोस सुनसरी
डिभिजन सहकारी कपिलवस्तु
सहकारी संघ अर्घाखाची
बचत संघ अर्घाखाची
सामुदायिक साकोस चितवन
अथर्व साकोस चितवन
मोदी साकोस कास्की
अभियान बहुउद्देश्यीय सहकारी बागलुङ

## संघको साधारणसभा

कास्की बचत तथा ऋण सहकारी संघ लि.को १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। संघका अध्यक्ष भीम गुरुङको अध्यक्षता तथा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि.का अध्यक्ष ऋषिराज घिमिरेको प्रमुख आतिथ्यतामा सम्पन्न सभाले सहकारी संस्थाहरुको दिगो विकासको लागि एकीकरण प्रयासलाई अभियानका रुपमा लाने र एक रुपता प्रणाली अवलम्वन गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको सहकारी निर्माणका लागि प्रोव्यासन तथा एक्सेस ब्रान्डिङमा जान संस्थाहरुलाई अभिप्रेरित गर्ने, संघको मासिक बुलेटिन प्रकाशन गर्ने, बचत तथा ऋण सहकारीलाई साकोस नामबाट पहिचान दिने, पोखरामा नेफस्कुनको सहयोगमा क्षेत्रीय सहकारी युवा गोष्ठी गर्ने र आगामी वर्षदेखि जिल्लाका एउटा संस्था र एक जना व्यवस्थापकलाई बखान सहकारी सम्मान र राइफेसन अवार्डबाट पुरस्कृत गर्ने लगायतका निर्णयहरु पारित गरिएकोछ। साथै सभामा गत वर्ष गएको भूकम्पका कारण पीडितभएकालाईकास्कीकासहकारीसंस्थाहरुबाटसहयोग प्रदान गर्ने मध्ये सबैभन्दा बढी आर्थिक सहयोग गर्नेउत्कृष्ट १० संस्थाहरुलाई सम्मान समेत प्रदान गरिएको थियो।

## हार्दिक समवेदना



जन्म : १९८२/०३/२६

स्वर्गारोहण २०७२/११/०६

**स्व. लक्ष्मण कार्की**

यस संस्थाका आदरणीय सल्लाहकार हाम्रा अभिभावक **लक्ष्मण कार्की**को निधनले हामीलाई स्तब्ध तुल्याएको छ। यस दुःखको घडीमा मृतात्मको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरुन भन्दै **हार्दिक समवेदना** प्रकट गर्दछौं।

**पोखरा रोयल सहकारी संस्था लिमिटेड परिवार**
Pokhara Royal Cooperative Society Limited
पोखरा- १०, बुद्धचोक, कास्की।
फोन नं. ०६१-५३८८३३,५३७८३३,५२०९३३

# पोखरा रोयल सहकारी संस्था लिमिटेडबाट स्थापना भएको सहकारी राहत कोषमा रु ५ हजार भन्दा माथि योगदान गर्नुहुने शेयर सदस्यहरुको नामावली

| क्र सं | नाम थर | रकम |
|---|---|---|
| १ | लक्ष्मण कार्की | १००,००० |
| २ | भीमबहादुर गुरुङ | २५,००० |
| ३ | तुलसीप्रसाद गुरुङ | २५,००० |
| ४ | रेशमलाल गुरुङ | १२,०२५ |
| ५ | रुद्रकुमारी गुरुङ | ११,५०० |
| ६ | गणेशकुमार प्रधान | ११,००० |
| ७ | टिकप्रसाद गुरुङ | १०,१११ |
| ८ | सुब्रिना गुरुङ | १०,१०० |
| ९ | डा. आनन्द बहादुर श्रेष्ठ | १०,००० |
| १० | बुद्धि कुमारी गुरुङ | १०,००० |
| ११ | परमेश्वर दाहाल | ८,८८८ |
| १२ | लक्ष्मी दाहाल | ८,००० |
| १३ | मीलन ढकाल | ७,७७७ |
| १४ | विष्णुमाया गुरुङ | ७,५०० |
| १५ | कुमान सिंह गुरुङ | ७,००० |
| १६ | शशिदेवी गुरुङ | ७,००० |
| १७ | मञ्जु गुरुङ | ६,०१५ |
| १८ | नरहरी पनेरु | ६,००६ |
| १९ | हिक्मत गुरुङ | ६,००० |
| २० | गगनबहादुर गुरुङ | ६,००० |
| २१ | सुधा गुरुङ | ६,००० |
| २२ | मीना ढकाल | ५,८०५ |
| २३ | भेषराज ढकाल | ५,६९५ |
| २४ | जयबहादुर श्रेष्ठ | ५,५५५ |
| २५ | अशोक श्रेष्ठ | ५,५५५ |
| २६ | विजया श्रेष्ठ | ५,५५५ |
| २७ | बेलकुमारी गुरुङ | ५,५५५ |
| २८ | नारायण सिंह गुरुङ | ५,५५५ |
| २९ | मञ्जु दाहाल | ५,५५५ |
| ३० | केदारनाथ पोखरेल | ५,५५५ |
| ३१ | कोपिला श्रेष्ठ | ५,५५५ |
| ३२ | गिरबहादर श्रेष्ठ | ५,५५५ |
| ३३ | सूर्यप्रसाद बराल | ५,५५५ |
| ३४ | सरिता बराल | ५,५५५ |
| ३५ | नारायण सुवेदी | ५,५५५ |
| ३६ | सपना पौडेल सुवेदी | ५,५५५ |
| ३७ | चेत कुमारी गुरुङ | ५,५५५ |
| ३८ | झमानसिंह गुरुङ | ५,५५० |
| ३९ | सोनु गुरुङ | ५,५०५ |
| ४० | शेरबहादुर गुरुङ | ५,५०५ |
| ४१ | चन्द्रकुमारी गुरुङ | ५,५०० |
| ४२ | हिरालाल श्रेष्ठ | ५,२५० |
| ४३ | चन्द्रकला श्रेष्ठ | ५,२५० |
| ४४ | माधव भण्डारी | ५,१६० |
| ४५ | उमनाथ आचार्य | ५,१२५ |
| ४६ | टंक बहादुर गुरुङ | ५,१२५ |
| ४७ | सन्तोष पौडेल | ५,१२५ |
| ४८ | झलक प्रसाद तिवारी | ५,१२५ |
| ४९ | सरिता तिवारी | ५,१२५ |
| ५० | डिलकुमारी गुरुङ | ५,१११ |
| ५१ | देवी गुरुङ | ५,१११ |
| ५२ | मैना गुरुङ | ५,१११ |
| ५३ | गोपाल थापा | ५,१११ |
| ५४ | कृष्ण ढकाल | ५,१०० |
| ५५ | नरबहादुर थापा | ५,१०० |
| ५६ | देवीकुमारी गुरुङ | ५,१०० |
| ५७ | मदनकुमारी गुरुङ | ५,१०० |
| ५८ | ध्रुवमोहन भट्टराई | ५,१०० |
| ५९ | राममाया पौडेल | ५,०५५ |
| ६० | बालाकृष्ण पौडेल | ५,०५५ |
| ६१ | चन्द्रबहादुर गुरुङ | ५,०५५ |
| ६२ | तेजबहादुर गुरुङ | ५,०५५ |
| ६३ | पुतली गुरुङ | ५,०५० |
| ६४ | रामबहादुर गुरुङ | ५,०५० |
| ६५ | जंगबहादुर गुरुङ | ५,०५० |
| ६६ | शर्मिला सिंह | ५,०२५ |
| ६७ | अमृता सिंह | ५,०२५ |
| ६८ | रामकृष्ण ढुङ्गाना | ५,०१३ |
| ६९ | सरस्वती पौडेल | ५,००५ |
| ७० | कमलप्रसाद पौडेल | ५,००५ |
| ७१ | प्रिति गुरुङ | ५,००५ |
| ७२ | विरमाया गुरुङ | ५,००५ |
| ७३ | खिमकुमारी गुरुङ | ५,००५ |
| ७४ | कविता ढकाल | ५,००५ |
| ७५ | डिल्लीराम ढकाल | ५,००५ |
| ७६ | मिरादेवी आचार्य | ५,००५ |
| ७७ | श्रीधर आचार्य | ५,००५ |
| ७८ | मञ्जु दाहाल ढकाल | ५,००५ |
| ७९ | ज्योति गुरुङ | ५,००५ |
| ८० | दीपा ठकुरी | ५,००५ |
| ८१ | डिल्लीराम शर्मा | ५,००५ |
| ८२ | मीना देवी शर्मा | ५,००५ |
| ८३ | नारायण सुवेदी च्वाई | ५,००५ |
| ८४ | भुपालबहादुर गुरुङ | ५,००१ |
| ८५ | बाबुराम ढकाल | ५,००१ |
| ८६ | गंगाबहादुर गुरुङ | ५,००० |
| ८७ | भवानी देवी श्रेष्ठ | ५,००० |
| ८८ | प्रसान्त गुरुङ | ५,००० |
| ८९ | बबरजंग गुरुङ | ५,००० |
| ९० | कमलप्रसाद आचार्य | ५,००० |
| ९१ | भोजराज घिमिरे | ५,००० |
| ९२ | रामप्रसाद गुरुङ | ५,००० |
| ९३ | शिवराज पौडेल | ५,००० |
| ९४ | महाप्रसाद सुवेदी | ५,००० |
| ९५ | कर्णबहादुर थापा | ५,००० |
| ९६ | सिता गुरुङ | ५,००० |
| ९७ | बबरसिंह गुरुङ | ५,००० |
| ९८ | मनिराज गुरुङ | ५,००० |
| ९९ | अनुराधा गुरुङ | ५,००० |
| १०० | निलम गुरुङ | ५,००० |
| १०१ | कृष्णबहादुर गुरुङ | ५,००० |
| १०२ | नौजंग गुरुङ | ५,००० |
| १०३ | विलबहादुर गुरुङ | ५,००० |
| १०४ | अभिषेक गुरुङ | ५,००० |
| १०५ | चन्द्रकुमारी गुरुङ | ५,००० |
| १०६ | महेन्द्रध्वज गुरुङ | ५,००० |

# पोखरा रोयल सहकारी संस्था लिमिटेडबाट स्थापना भएको सहकारी राहत कोषमा रु ५ हजार भन्दा माथि योगदान गर्नुहुने शेयर सदस्यहरूको नामावली

| | | |
|---|---|---|
| १०७ | धनप्रसाद गुरुङ | ५,००० |
| १०८ | नोर प्रसाद गुरुङ | ५,००० |
| १०९ | शिवमाया गुरुङ | ५,००० |
| ११० | विरकाशी गुरुङ | ५,००० |
| १११ | सुरेश कमार श्रेष्ठ | ५,००० |
| ११२ | डम्मर सिंह गुरुङ | ५,००० |
| ११३ | हर्कध्वज गुरुङ | ५,००० |
| ११४ | हर्कबहादुर गुरुङ | ५,००० |
| ११५ | सूर्यमोहन ढकाल | ५,००० |
| ११६ | चन्द्रप्रसाद गुरुङ | ५,००० |
| ११७ | केशवप्रसाद ढकाल | ५,००० |
| ११८ | निर्मल जोजिजु | ५,००० |
| ११९ | नरबहादुर गुरुङ | ५,००० |
| १२० | सुकमाया सार्की | ५,००० |
| १२१ | रामबहादुर कार्की | ५,००० |
| १२२ | धन कुमारी कार्की | ५,००० |
| १२३ | अरुण कुमार गुरुङ | ५,००० |

| | | |
|---|---|---|
| १२४ | शान्ति गुरुङ | ५,००० |
| १२५ | नर प्रसाद गुरुङ | ५,००० |
| १२६ | विमाया गुरुङ | ५,००० |
| १२७ | नरबहादुर गुरुङ | ५,००० |
| १२८ | रुविनी गुरुङ | ५,००० |
| १२९ | रञ्जना आचार्य | ५,००० |
| १३० | देउप्रसाद गुरुङ | ५,००० |
| १३१ | लालकुमारी गुरुङ | ५,००० |
| १३२ | भुपाल जंग कुँवर | ५,००० |
| १३३ | मीना देवी गुरुङ | ५,००० |
| १३४ | देवी ढकाल | ५,००० |
| १३५ | शर्मिला ढकाल | ५,००० |
| १३६ | शंकर बहादुर खत्री | ५,००० |
| १३७ | गिता कुमारी अधिकारी | ५,००० |
| १३८ | शिव प्रसाद पोखरेल | ५,००० |
| १३९ | पुजा पोखरेल | ५,००० |

| | | |
|---|---|---|
| १४० | लिलामाया गुरुङ | ५,००० |
| १४१ | सकुन्तला प्रधान | ५,००० |
| १४२ | एकनारायण शर्मा | ५,००० |
| १४३ | गंगा देवी ढकाल | ५,००० |
| १४४ | अञ्जु ढकाल | ५,००० |
| १४५ | विष्णुहरी ढकाल | ५,००० |
| १४६ | ज्ञानु महत | ५,००० |
| १४७ | सुरक्षा भट्टराई | ५,००० |
| १४८ | पुजा गुरुङ | ५,००० |
| १४९ | हरिप्रसाद घिमिरे | ५,००० |
| १५० | अमर कुमार गुरुङ | ५,००० |
| १५१ | तुल्सीराम गुरुङ | ५,००० |
| १५२ | पुर्णबहादुर ठाकुर | ५,००० |
| १५३ | भगवती ढकाल | ५,००० |
| १५४ | रमादेवी ढकाल | ५,००० |

# महिला कर्मचारीहरूको अवलोकन भ्रमण




पोखरा रोयल सहकारी संस्था लिमिटेडको नियमित कार्यक्रम अन्तर्गत कर्मचारीहरुलाई वार्षिक रुपमा अध्ययन अवलोकन भ्रमण गराइएको छ।

यसपटक महिला कर्मचारीहरुलाई लक्षित गरी मध्यमाञ्चलका सफल सहकारी विकु साकोस गैडाकोट नवलपरासी, सगुन साकोस हरिवन सर्लाही र बुडोल सामुदायिक साकोस बनेपा काभ्रे गरी ३ वटा संस्थाहरुको स्थलगत अवलोकन गर्ने कार्य गरिएको छ।

कर्मचारीहरुलाई सहकारी संस्थाको अवलोकन गराई ज्ञान, सीप र अनुभव आर्जन गर्ने उद्देश्यले भ्रमणको आयोजना गरिएको थियो। उक्त भ्रमण अध्ययन अवलोकन मात्र पनि नभई मनोरम ठाउँको दृश्यावलोकन गर्ने पनि उद्देश्य भएकाले चितवनको सौराहा, सिन्धुली विपि राजमार्ग, सिन्धुलीगढी, भक्तपुरको साँगा र नगरकोटको समेत अवलोकन गरिएको थियो। संस्थाका प्रबन्धक मीलन ढकालको संयोजकत्वमा १३ जना कर्मचारीहरुको सहभागिता रहेको ५ दिने उक्त कार्यक्रम २०७२ साल माघ १८ देखि २२ गतेसम्म रहेको थियो। भ्रमणमा संस्थाका सम्पूर्ण महिला कर्मचारीहरुलाई सहभागिता गराइएको थियो।

## महिनाको उत्कृष्ट कर्मचारीहरू (२०७२/२०७३)

| महिना | कर्मचारीको नाम | पद |
|---|---|---|
| वैसाख | विजया श्रेष्ठ | सुपरिवेक्षक |
| जेठ | सन्तोष पौडेल | सहायक |
| आषाढ | अभिषेक गुरुङ | लेखापाल |
| श्रावण | झलकप्रसाद तिवारी | सहायक |
| भाद्र | डिल्लीराम शर्मा | सुरक्षागार्ड |
| आश्विन | मन्जु दाहाल | सहायक |
| कार्तिक | पूर्णबहादुर ठाकुर | सुरक्षा गार्ड |
| मंशीर | ज्योती गुरुङ | वरिष्ठ सहायक |
| पौष | अमरकुमार गुरुङ | सुरक्षागार्ड |
| माघ | डिलकुमारी गुरुङ | लेखापाल |
| फाल्गुण | डिल्लीराम ढकाल | सुपरिवेक्षक |
| चैत्र | सरिता तिवारी | म्यासेन्जर |
| वैशाख | टंकबहादुर गुरुङ | सुपरिवेक्षक |

## वर्षको उत्कृष्ट सदस्यहरू :

| वर्ष | सदस्यको नामावली | ठेगाना |
|---|---|---|
| २०६० | निर्मल जोजिज्यू | पोखरा ९ |
| २०६१ | रेशमलाल गुरुङ | पोखरा १२ |
| २०६२ | झमानसिंह गुरुङ | पोखरा १० |
| २०६३ | गोपाल गुरुङ<br>क्या.टिकप्रसाद गुरुङ | पोखरा १०<br>पोखरा १७ |
| २०६४ | सोमबहादुर गुरुङ | पोखरा १२ |
| २०६५ | हर्कध्वोज गुरुङ | पोखरा १२ |
| २०६६ | भवानीदेवी श्रेष्ठ | पोखरा ८ |
| २०६७ | कोपिला श्रेष्ठ | पोखरा ९ |
| २०६८ | नौजङ्ग गुरुङ | पोखरा ४ |
| २०६९ | विष्णुहरि ढकाल<br>नारायण सुवेदी | पोखरा १२<br>पोखरा ८ |
| २०७० | बिलबहादुर गुरुङ<br>कुमानसिंह गुरुङ | पोखरा १०<br>पोखरा १० |
| २०७१ | बालाकृष्ण पौडेल<br>रामकृष्ण ढुंगाना | पोखरा १९<br>पोखरा १४ |

## सहकारीका सिद्धान्तहरू

- स्वैच्छिक तथा खुला सदस्यता
- सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण
- सदस्यको आर्थिक सहभागिता
- स्वायत्तता तथा स्वतन्त्रता
- शिक्षा, तालिम र सूचना
- सहकारी संस्थाहरू बीच अन्तर-सहयोग
- समुदायप्रति चासो

# पोखरा रोयल सहकारीको मोबाइल बैंकिङ सेवा




पोखरा रोयल सहकारी संस्थाले मोबाइल बैंकिङ सेवा सुरुवात गरेको छ । सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउने क्रममा मोबाइल बैंकिङ सेवा सञ्चालनमा ल्याएको सहकारीका प्रवन्धक मीलन ढकालले जानकारी दिनुभयो । '२४सै घन्टा मोबाइल बैंकिङ सेवा उपलब्ध हुन्छ,' उहाँले भन्नुभयो।

उक्त सेवा अन्तर्गत ब्यालेन्स जानकारी, रकमान्तर सेवा, मोबाइल रिचार्ज सेवा, मिनी स्टेटमेन्ट, बिल भुक्तानी सेवा उपलब्ध रहेको ढकालले बताउनुभयो। 'जहाँ पनि जहिले पनि सुरक्षित वित्तीय सेवा' अवधारणाका साथ सहकारीले मोबाइल बैंकिङ सेवा सञ्चालनमा ल्याएको हो । 'पोखराको सहकारी क्षेत्रमा मोबाइल बैंकिङ सेवा नयाँ प्रयोग हो,' उहाँले भन्नुभयो ।

राष्ट्र बैंकबाट स्वीकृत लिएर एटीएम सेवा सञ्चालनको तयारी पनि गरिरहेको प्रवन्ध निर्देशक भीम गुरुङले जानकारी दिनुभयो। पोखराको बुद्धचोकमा प्रधान कार्यालय रहेको सहकारीको महेन्द्रपुल र लेखनाथमा सेवा केन्द्र छ।

# कर्मचारी कल्याण कोषबाट राहत

पोखरा रोयल सहकारी संस्था लिमिटेडका कर्मचारीद्वय मञ्जु दाहाल ढकाल की सासु आमा तिलिमाया दाहाल एवं हरिप्रसाद घिमिरेको बुबा चुडामणि घिमिरेको निधनमा जनही दुवै जना कर्मचारीलाई परिवार मृत्यु राहत वापत ५ हजार रुपैयाँ प्रदान गरिएको छ। सहकारीका कर्मचारीहरुले स्थापना गरेको कर्मचारी कल्याणकोषबाट संस्थाका राहत प्रदान गरिएको हो।

संस्थाका प्रवन्ध निर्देशक भीमबहादुर गुरुङले एक कार्यक्रम बीच उक्त रकम हस्तान्तरण गर्नुभयो । कर्मचारीहरुलाई पर्ने अप्ठ्यारोमा सहयोग गर्न सकियोस् भन्ने हेतुका साथ कोषको स्थापना गरिएको गुरुङले जानकारी दिनुभयो। कर्मचारीहरुले आफूले प्राप्त गर्ने मासिक तलब भत्ताबाट केही प्रतिशत रकम उक्त कोषमा जम्मा गर्दै आइरहेका छन् । उक्त कोषमा १ लाख ७७ हजार रुपैयाँ जम्मा भइसकेको छ। गत वर्ष पनि संस्थाका कर्मचारी पूर्णबहादुर गुरुङको भूकम्पले क्षती भएको घरको पुनर्निर्माणको लागि १ लाख ५ हजार रुपैयाँ उक्त कोषबाट प्रदान गरिएको थियो।

# पोखरा रोयल सहकारी संस्था लिमिटेड

**पोखरा १०, बुद्धचोक, कास्की फोन नं. ५३८८३३**

## संक्षिप्त विवरण

- प्रधान कार्यालय : बुद्धचोक, पोखरा (आफ्नै भवन)
- सेवाकेन्द्र : २ वटा (महेन्द्रपुल र लेखनाथ)
- कार्यक्षेत्र : ४ जिल्ला (कास्की, स्याङ्गजा, तनहुँ र लमजुङ)
- सञ्चालक समिति : ७ सदस्यीय (५ वर्षे कार्यकाल)
- लेखा समिति : ३ सदस्यीय (५ वर्षे कार्यकाल)
- सल्लाहकार : ५ जना (विभिन्न क्षेत्र संग सम्बन्धित)
- सदस्य संख्या : ३५६१ जना (महिला १८९९, पुरुष १६६२)
- कर्मचारी संख्या : २९ जना (पुरुष १८, महिला ११)
- उपसमिति : ९ वटा
- नियमावली : १४ वटा

## वित्तीय विवरण : २०७२ चैत्र मसान्तसम्म

- शेयर पूँजी : १० करोड १७ लाख
- कोषहरु : ५ करोड ५ लाख
- निक्षेप : ८३ करोड ७६ लाख
- लगर कर्जा : ८६ करोड ४ लाख
- स्थिर सम्पत्ती : २ करोड ६२ लाख
- आम्दानी : ९ करोड ५२ लाख
- खर्च : ६ करोड २९ लाख
- सञ्चालन बचत (नाफा) : ३ करोड २३ लाख
- कुल कारोबार : १ अरब ७ करोड

## सम्मान तथा पुरस्कार :

- राष्ट्रिय सहकारी बैंक लि.बाट सम्मानित २०६६
- सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीबाट उत्कृष्ट अध्यक्षको रुपमा सम्मानित २०६६
- सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीबाट उत्कृष्ट प्रवन्ध निर्देशकको रुपमा सम्मानित २०६७
- सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीबाट उत्कृष्ट सहकारी पुरस्कार २०७१
- आन्तरिक कार्यालय पोखराबाट उत्कृष्ट करदाता पुरस्कार २०७२
- सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीबाट उत्कृष्ट प्रवन्धकको रुपमा सम्मानित २०७२




## आवद्धता :

- राष्ट्रिय सहकारी संघ लि. (सहयोगी सदस्य)
- राष्ट्रिय सहकारी बैंक लि. (ख वर्ग)
- नेपाल बचत तथा ऋण केन्द्रीय स.संघ(नेफ्स्कुन)
- जिल्ला सहकारी संघ लि.कास्की
- कास्की बचत तथा ऋण सहकारी संघ
- एभरेष्ट इनर्जी कोअपरेटिभ लि.

## विशेषता तथा वास्तविकता :

- नमूना सहकारी संस्था
- सहकारी संस्थाको अवलोकनको लागि केन्द्र विन्दु भएको संस्था
- सहकारी पुरस्कार स्थापना गरेको संस्था
- जेष्ठ नागरिक सदस्यलाई वार्षिक २५ सय पेन्सन व्यवस्था गर्ने संस्था
- निरक्षर महिलालाई साक्षर बनाउने संस्था
- ३६५ दिन सेवा दिने संस्था
- सहकारी पुस्तक एवं समाचार पत्र प्रकाशित गर्ने संस्था
- मोबाइल बैकिङ र एविविएस सेवा प्रदान गर्ने संस्था
- सहकारी प्रदर्शनी तथा विक्री कक्ष स्थापना गरेको संस्था

हकारी माचारका लागि : पोखरा रोयल हकारी लिमिटेड, बुद्धचोक, पोखरा, फोन: ०६१-५३८८३३, फ्याक्स नं.: ०९७७-६१-५२०८३३
Email : info@royalcooperative.com, URL : www. royalcooperative.com